gjlj sNk

(धवलागिरिमा सर्वाधिक [illegible]कप्रिय प[illegible]का)

साप्ताहिक

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

वर्ष ८ अङ्क ४१ पूर्णाङ्क ३७९ आइतवार, असार १९, २०७३ July 03, 2016, Sunday पृष्ठसङ्ख्या ६+२ मूल्य रु. १०/-

म्याग्दीमा किबी खेतीप्रति आकर्षण बढ्दो - *विस्तृत पृष्ठ ५ मा*

बेवास्ता र ढिलासुस्ती गर्दै उपभोक्ता समिति

सडक निर्माणमा लापरवाही

- कार्यबिधी विपरीत उपभोक्ता समिति ठेक्कापट्टामा
- मिलेमतोमा बजेट दुरुपयोगको सम्भावना
- बजेटको दुरुपयोग रोक्न कडाई र कारबाही गरिने
- सडक सुधारमा खर्च गर्न पाएको बजेट क्लबलाई अनुदान
- समुदायको असहयोग र बिवादले आयोजना प्रभावित

पोखरेबगर–घार–शिख सडक आयोजनाको प्रगति बारे स्थलगत अनुगमन गर्दै जिल्ला स्तरीय अनुगमन टोली । तस्वीर : नवविकल्प

■ सन्तोष गौतम/नवविकल्प

उपभोक्ता समितिको लापरबाहीले म्याग्दीको पोखरेबगर-घार-शिख सडक आयोजना अलपत्र परेको छ । घार र शिख गाविसलाई जोड्ने सडक मर्मत तथा सुधारका लागि प्राप्त भएको लाखौ रूपैयाँ बजेट दुरूपयोग हुने खतरा बढेको छ ।

उपभोक्ता समितिको लापरबाही, बेवास्ता र ढिलासुस्तीका कारण जिर्ण अवस्थामा रहेको सडक मर्मत, सुधारका लागि प्राप्त भएको तिस लाख रूपैयाँ बजेट फिर्ता हुने देखिएको छ । जिविसले चालु आर्थिक वर्षमा तिस लाख रूपैयाँ बजेट उपलब्ध गराएको थियो ।

सडक फराकिलो बनाउने, उकालो र खाल्डोमा ढुंगा बिच्छ्याएर (सोलीङ) गर्ने, घुम्ती सुधार गर्ने, ग्यावीन पर्खाल लगाउने र नाली बनाउने कामका लागि बैशाख ३१ गते उपभोक्ता समिति र जिविसबीच सम्झौता भएको हो ।

आयोजनाको सम्झौता अवधि सकिनुपर्ने समयमा जम्मा दश प्रतिशत भौतीक प्रगति भएको उत्तरी म्याग्दीका योजनाहरूको अनुगमनमा गएको कोष तथा लेखा नियन्त्रक युवराज पौडेल नेतृत्वको टोलीले जनाएको छ । जिविसद्धारा सञ्चालन हुने पाँच लाख माथिका आयोजना स्थलमा आयोजना बिवरण सहितको सूचना पाटी राख्नुपर्ने ब्यवस्था कार्यान्वयन भएको छैन् ।

'उपभोक्ता समितिले सम्बन्धित निकायबाट कामको जिम्मेवारी लिएर ठेक्कामा लगाउँछन भन्ने सुनिएको थियो, पोखरेबगर-घार-शिख सडक आयोजना अनुगमन गर्दा त्यो पुष्टि भयो' असार ११ गते शिखमा पुगेको

बाँकी पृष्ठ ७ मा

राम्चेका महिलाहरुको सक्रियतामा पाहुना घर

■ नवविकल्प

म्याग्दीको राम्चेमा महिलाहरूको सक्रियता र नेतृत्वमा सामुदायिक भवन तथा पाहुना घर निर्माण भएको छ ।

गाउँमा भित्रने पाहुनाहरूको आवास सुबिधाका लागि देउराली आमा समूहले राम्चे ४ मा सामुदायिक भवन निर्माण गरेका हुन् । नौ लाख रूपैयाँ भन्दा बढी लगानी भएको भवनमा सामुदायिक लज सञ्चालन गर्ने तयारी गरेको भवन निर्माण समितिकी संयोजक माया पुर्जाले जानकारी दिनुभयो ।

दुई तले भवनको माथिल्लो तलामा १२ जना क्षमत्ताको ६ वटा कोठा रहेका छन् । तल्लो तलामा डाईनीङ, भान्छा कोठा र तालीम हल बनाइएको छ । जिविसको पाँच लाख २८ हजार, पशुपंक्षी विकास राज्यमन्त्री नरदेवी पुनको सांसद विकास कोषबाट एक लाख र गाविस कार्यालयको एक लाख ८६ हजार रूपैयाँ अनुदानमा भवन निर्माण गरिएको हो ।

भवन निर्माणका लागि महिलाहरूको मात्रै सहभागितामा उपभोक्ता समिति गठन भएको थियो । सरकारी निकायसंग समन्वय गर्नेदेखि स्थानीय स्तरमा जनसहभागिता जुटाउने काम महिलाहरूलेनै गरेका हुन् । उनिहरूलाई गाउँका अगुवा र पुरूषहरूले पनि साथ दिएका छन् ।

आवास र भान्छाको सामाग्री जुटाएर सामुदायिक लज सञ्चालनमा ल्याउन थप पाँच लाख रूपैयाँ आवश्यक पर्ने संयोजक पुर्जाको भनाई छ । गाउँमा आउने पाहुना र पर्यटकलाई सामुदायक लजमा बसोबासको ब्यवस्था मिलाउने योजना रहेको राम्चेका अगुवा फासबहादुर पुर्जाले बताउनुभयो ।

लजबाट भएको आम्दानी गाउँको विकास तथा सामाजिक काममा परिचालन गर्ने लक्ष्य राखिएको छ । आमा समूहले गाउँमा सडक निर्माण, सामुदायिक विद्यालय, भवन निर्माण लगायत सामाजिक र विकास निर्माणका काममा सघाउदै आएका छन् ।

सूचना

पत्रकार आचार संहिता २०६० मा उल्लेखित आचारणहरुको उल्लंघन गरेको छ भनी पीडित पक्षलाई लागेमा त्यस्ता पत्रकार तथा सञ्चारमाध्यम विरुद्ध प्रकाशन तथा प्रसारण भएको मितिले १५ दिन भित्र प्रेस काउन्सिलमा उजुरी दिइँ आफ्नो अधिकारको संरक्षण गरौं ।

नेपाल सरकार

सूचना तथा सञ्चार प्रविधि मन्त्रालय

सूचना विभाग

Study and work in **JAPAN**

Admission open.......

S. RAJ LANGUAGE INSTITUTE PVT.LTD

Basic, intermediate and Advance Japanese language with audio and video classes.
NAT, TEST, jlPT, TOP–J Preparation classes
100% visa success rate
No need bachelor and master certificate
City on your choice(Tokyo, Chiba, Nagoya, Osaka, Hokkaido, Sendai, Fukuoka, okinawa+ many more)
Japanese language classes are running for October session 2016

जापानिज भाषा पढ्न र जापान जानको लागि
संगमचोक बेनीबजार, म्याग्दी
For more details visit us
contact : 069-521185, mob 9846779548
Email :- rajfellows143@gmail.com

प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९-५२०९२०, ९८०२०६०३२२ (श्याम)
९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

5f6s/L

मुद्दा फिर्ता लिन माग

■ नवविकल्प

नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादी म्याग्दीले आफ्ना नेता कार्यकर्ता विरुद्ध चलाइएको मुद्दा फिर्ता लिन माग गरेको छ ।

जेठ अन्त्यतिर बेनी नगरपालीका ४ बन्चरेडिलमा रहेको सहित देशका विभिन्न ठाउँमा रहेका दुरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको टावरमा एकैपटक आगजनी भएको घटनामा प्रहरीले माओवादीका नेताहरूलाई पक्राउ गरि मुद्दा चलाएको छ । प्रमाण बिना शंकाको भरमा नेताहरूलाई पुर्जी नदिइकन पक्राउ गरेको मुद्दा चलाइएको भन्दै फिर्ता लिन माग गर्दै बिहीबार प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यलाई ज्ञापनपत्र बुझाएका छन् ।

नेकपा माओवादी म्याग्दीका सदस्य शिवकुमार श्रेष्ठ नेतृत्वमा प्रशासनमा पुगेका नेता कार्यकर्ताहरूले ज्ञापनपत्र बुझाएका थिए । जेठ ३१ गते पक्राउ परेका माओवादीका नेता लालु किसान र पदम पुन २८र२८ हजार रूपैयाँ धरौटीमा रिहा भएपनि उनिहरू विरुद्ध चलेको केही सार्वजनिक अपराध अन्तरगतको मुद्दा प्रशासनबाट फैसला हुन बाँकी छ ।

ज्ञापनपत्रमा महँगी, कालाबजारी, करछली, भ्रष्ट्राचार नियन्त्रणका लागि आवाज उठाउँदा राज्यले आस्थाका आधारमा पक्राउ गर्ने र मुद्दा चलाउने काम गरेको उल्लेख गरिएको छ । महँगी, कालाबजारी र भ्रष्ट्राचार नियन्त्रण गर्न ज्ञापनपत्र मार्फत माग गरिएको छ । नेकपा माओवादीका नेताहरू ज्ञापनपत्र बुझाउन आउने सूचना पाएपछि बिहीबार अपराहन्न सम्म प्रशासन कार्यालय परिसरमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो । उनिहरूले शान्तीपूर्ण तरीकाले प्रशासनमा गएर ज्ञापनपत्र बुझाएका थिए ।

दर गाउँमा पहिरो नियन्त्रणको प्रयास

■ नवविकल्प

म्याग्दीको मुना गाविसको ७, ८ र ९ नम्बर वडामा पर्ने दर गाउँमा पहिरो नियन्त्रणका लागि भल तर्काउने कुलो र ग्यावीन पर्खाल निर्माण गरिएको छ । २०७२ साउन १४ गतेको बर्षाका कारण बस्ती माथिबाट पहिरो खस्न थालेपछि दर गाउँका ११० घरधुरी जोखिममा परेका छन् । पाखोबाट आउने भल र पानीलाई सुरक्षित रूपमा ब्यवस्थापन गर्न तथा खोल्सामा आउने बाढीका कारण हुने कटान नियन्त्रणका लागि ग्याविन पर्खाल लगाइएको स्थानीय युवा लोकेन्द्र बुढाले जानकारी दिनुभयो ।

उहाँका अनुसार १६० मिटर भल तर्काउने कुलो र झारखोलामा ७० थान ग्याविन पर्खाल लगाएको हो । जिल्ला भुसंरक्षण कार्यालय र गाविसको आर्थिक तथा प्राबिधिक सहयोगमा स्थानीय बासिन्दाले श्रमदान गरेर गाउँलाई पहिरोबाट जोगाउन कुलो र पर्खाल बनाएका हुन् ।

भुसंरक्षण कार्यालयले नाली बनाउन ५९ हजार ९३५ रूपैया बराबरको सामाग्री, ३८ हजार नगद र ढुवानीका लागि २० हजार सहयोग गरेको थियो । गल्छीमा बाढी नियन्त्रण गर्न दुई लाख ८१ हजार ४२ रूपैया बराबरको ७० थान ग्याविन, त्यसलाई भर्न ६३ हजार ५० रूपैया नगद र ढुवानीका लागि २७ हजार र गाविस कार्यालयले ४२ हजार अनुदान दिएको थियो । ११० जनाले पाँच दिनका दरले श्रमदान गरेर कुलो र ग्याविन पर्खाल बनाएको स्थानीय अगुवा बोमबहादुर पाईजाले बताउनुभयो । उहाँले दर गाउँ पहिरोको उच्च जोखिममा रहेकाले नियन्त्रणका लागि बृहत आयोजनाको आवश्यकता रहेको बताउनुभयो ।

सामुदायिक वन समूहमा दोहोरो उपभोक्ता हटाइदै

■ नवविकल्प

जिल्ला वन कार्यालय म्याग्दीले सामुदायिक वन समूहका दोहोरो उपभोक्ता हटाउन सुरू गरेको छ ।

एउटै उपभोक्ता दुईरतिन वटा सम्म वन समूहमा आवद्ध हुँदा वास्तवीक तथ्याङ्कको अभावमा योजना तथा कार्यक्रम सञ्चालनका क्रममा समस्या देखिएको छ । दोहोरीएका उपभोक्ता पहिचान गरेर हटाउन थालीएको जिल्ला वन अधिकृत सुखलालप्रसाद जयसवालले जानकारी दिनुभयो ।

उहाँका अनुसार एक भन्दा बढी समूहमा आवद्ध उपभोक्तालाई एउटा समूह रोज्न लगाउने र अरू समूहको उपभोक्ताको सूचीबाट हटाउन थालीएको हो । यस वर्ष मंगलाघाट ईलाका वन कार्यालय अन्तरगतका १२ वटा समूहमा दोहोरीएको उपभोक्तालाई हटाइएको वन अधिकृत जयसवालले बताउनुभयो । एक भन्दा धेरै उपभोक्ता समूहमा आवद्ध हुने र दोहोरो सुबिधा लिने विकृती बढेपछि वन कार्यालयले नेपालमै पहिलो पटक म्याग्दीमा यस्तो काम सुरू गरेको हो । दोहोरीएका उपभोक्ताका कारण योजना तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न समस्या भएको वन प्राबिधिकहरूले बताएका छन् ।

म्याग्दीमा ३०७ वटा सामुदायीक वन उपभोक्ता समूह रहेका छन् । २०६८ सालको जनगणनाको तथ्याङ्क अनुसार म्याग्दीका २३ हजार घरधुरी र एक लाख १३ हजार जनसंख्या रहेको छ । तर वन कार्यालयको तथ्याङ्कमा ३५ हजार ४५७ घरधुरी उपभोक्ता र एक लाख ८६ हजार ६३७ जनसंख्या सामुदायीक वन समूहबाट लाभान्वित भएको उल्लेख छ ।

गलत तथ्याङ्कका कारण योजना तथा कार्यक्रम तय गर्न समस्या भएको छ । योजना तय गर्ने जनसंख्या र उपभोक्ता घरधुरीको तथ्याङ्क गलत हुदा समस्या भएको वन अधिकृत जयसवालले बताउनुभयो । वन समूहको कार्ययोजना नविकरणका क्रममा दोहोरीएका उपभोक्ता पहिचान गरि एउटामा मात्र आवद्ध हुने विकल्प दिई दाहोरो उपभोक्ता हटाउन थालिएको छ ।

सच्याइएको

यस पत्रिकाको वर्ष ८ अंक ४० असार १२ गते प्रकाशित सुध्रिन नसकेको विद्यालय भन्ने मूख्य समाचारको फोटो क्याप्सनमा "रुमको राष्ट्रिय माविमा अध्ययनरत विद्यार्थीहरु" हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

– सम्पादक

फोटो कथा

बिउ निकाल्ने तयारी : धाइरिङ सल्यानका अगुवा कृषक एकनारायण पौडेल गोलभेडाको बिउ निकाल्ने तयारी गर्दै । सल्यान गाउँ पछिल्लो समय बिउ उत्पादनमा पकेट क्षेत्र मानिन्छ । यो सिजनमा मात्र ७० लाख भन्दा वढीको बिउ निर्यात हुने किसानहरु बताउँछन् । तस्विर ठाकुरप्रसाद आचार्य

हिस्तानमा आलु खन्दै कृषक । यो सिजनमा हिस्तान गाउँबाट ५० लाख रुपियाँ वरावरको आलु निर्यात हुने कृषकहरु बताउँछन् । तस्विर ठाकुरप्रसाद आचार्य

हिमाली क्षेत्रमा गोलभेडा खेती : म्याग्दीको हिस्तान गाविस ४ टिकोटकी टिका तिलिजा प्लाष्टिक टनेल भित्र लगाइएको गोलभेडा खेतीमा काम गर्दै । तिलिजाले जिल्ला कृषि विकास कार्यालय म्याग्दीले उपलब्ध गराएको युवा लक्षित कार्यक्रमबाट ४० हजार रुपियाँ अनुदान लिएर गोलभेडाको व्यवसायिक खेती गर्न थाल्नुभएको छ । तस्विर ठाकुरप्रसाद आचार्य/म्याग्दी

गलेश्वर खानेपानी आयोजना हस्तान्तरण

■ नवविकल्प

बेनी नगरपालिका ६ गलेश्वरमा निर्माण भएको खानेपानी आयोजनाको शनिबार उद्घाटन गरिएको छ ।

खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय म्याग्दीको सहयोगमा निर्माण भएको आयोजनाको स्थानीय विकास अधिकारी चिरञ्जीवि पौडेल र सहायक प्रजिअ यादवनाथ आचार्यले उद्घाटन गर्नुभएको हो । त्यसैगरि खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय म्याग्दीका प्रमुख शेखरचन्द्र केसीले उपभोक्ता समितिको कार्यालयको उद्घाटन गर्नुभएको थियो ।

एक घर एक धाराको अवधारणा अनुसार निर्मित उक्त आयोजनाबाट कुल एक हजार २६ जनसंख्या लाभान्वित भएको र १ सय ६६ घरधुरीमा नीजि धारा जडान भएको गलेश्वरधाम शिवालय खानेपानी तथा सरसफाई उपभोक्ता समितिका सचिव योगेन्द्र कार्कीले बताउनुभयो ।

नेपाल सरकार र स्थानीयको कुल ७७ लाख लगानीमा आयोजना निर्माण भएको हो । आर्थिक वर्ष २०७०/७१ बाट सुरूवात भएको आयोजना निर्धारीत समय भन्दा एक वर्ष अघि २०७२ असारमै सम्पन्न भएको थियो । उपभोक्ता समितिले गत वर्षदेखिनै निजि धारा जडान गरि रकम उठान समेत सुरूवात गरेको छ । आयोजना सम्पन्न गरि पानी वितरण सूरूवात गरेको समितिले चालु आर्थिक वर्षमा ७ लाख २४ हजार ६ सय एक रूपैयाँ आम्दानी गरेको छ ।

उपभोक्ता समितिले धारा जडान गर्दा महिला, दलित, एकल महिला, विपन्न परिवारलाई २५ प्रतिशत छुट दिएको छ । मासिक रूपमा १५ हजार लिटरसम्मको पानी प्रयोग गरेवापत उभोक्ताले एक सय ७५ रूपैयाँ मात्र तिर्ने गरेका छन् । त्यसैगरि गलेश्वर शिवालय मन्दीर, राधाकृष्ण मन्दिर, बृद्धाश्रम, अन्न क्षेत्र र जडभरत प्राविलाई निशुल्क पानी उपलब्ध गराएको अध्यक्ष बमबहादुर पुनले जानकारी दिनुभयो ।

उद्घाटन समारोहमा मन्तब्य ब्यक्त गर्दै स्थानीय विकास अधिकारी पौडेलले सरकारी निकायबाट आयोजना स्थानीयको स्वामित्वमा हस्तान्तरण भएकाले त्यसको संरक्षण स्थानीयले नै गर्नु पर्ने बताउनुभयो । पौडेलले भाषण भन्दा काम गर्नु पर्ने भन्दै स्थानीयको लगनशीलता र उर्जाबाट आयोजना निर्धारित समय भन्दा चाडो सम्पन्न गरेकोले धन्यवाद समेत दिनुभयो ।

त्यस्तै खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय म्याग्दीका प्रमुख इन्जिनीयर शेखरचन्द्र केसीले आयोजनाको स्वामीत्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै सन् २०१७ भित्रमा म्याग्दीमा आधारभूत स्तरको खानेपानी पहुँच पुऱ्याउने उद्देश्यमा टेवा पुगेको बताउनुभयो ।

कार्यक्रममा बेनी खानेपानी तथा सरसफाई उपभोक्ता समिति बेनीका अध्यक्ष सुवास कुमार श्रेष्ठ, गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष रूद्रबहादुर केसी, सल्लाहकार कृष्णकुमार शेरचन र जिविस म्याग्दी अन्तर्गतको दलित समन्वय समितिका उपाध्यक्ष बालकुमार लामिछानेले बोल्नुभएको थियो । उभोक्ता समितिका अध्यक्ष बमबहादुर पुनको अध्यक्षता, कोषाध्यक्ष लक्ष्मण चालिसेको स्वागत र सचिव योगेन्द्र कार्कीको सञ्चालनमा सम्पन्न भएको थियो ।

वातावरण संरक्षणकर्मी सम्मानित

■ नवविकल्प

वन संरक्षणमा योगदान पुऱ्याएवापत बुधबार म्याग्दीमा एक जना संरक्षणकर्मीलाई पुरस्कृत गरिएको छ ।

वन महोत्सव तथा वृक्षारोपण अभियानको सुरूवातका अवसरमा बेनी नगरपालीका ४ का चन्द्रबहादुर कार्कीलाई जिल्ला वन कार्यालयले नगद १२ हजार रूपैयाँ पुरस्कार सहित सम्मान गरेको हो ।

प्रमुख जिल्ला अधिकारी केशवराज आचार्य र जिल्ला वन अधिकृत सुखलालप्रसाद जयसवालले कार्कीलाई नगद पुरस्कार, सम्मानपत्र वितरण र खादा ओडाएर सम्मान गर्नुभएको थियो । कार्कीले बेनी बजार र वरपरका सडक छेउछाउमा वृक्षारोपण, चौतारी निर्माण, वरपिपलका बिरूवा रोप्ने, नियमित रेखदेख र मलजल गरेर हुर्काउने गर्दै आउनुभएको छ । यसैबीच बुधबारदेखि म्याग्दीमा जिल्ला वन कार्यालय र भुसंरक्षण कार्यालयले वृक्षारोपण अभियान सुरु गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले बिरूवा रोपेर अभियानको सुरूवात गर्नुभएको हो । अभियानको सुरूवातका अवसरमा बेनी दरवाङ सडकको मंगलाघाटमा हालै कालोपत्रे गरिएको सडक, दरवाङ बसपार्कदेखि मंगलाघाट जाने बाटो र अर्थुङ्गे स्थित नेपाली सेनाको श्रीबक्स गण परिसरमा तिन सय वटा विभिन्न प्रजातीका बिरूवा रोपीएको छ ।

वृक्षारोपण कार्यक्रममा राजनितिक दलका प्रतिनिधि, सरकारी कार्यालय प्रमुख, कर्मचारी, वन प्राबिधिक, सामुदायिक वनका उपभोक्ता र सुरक्षाकर्मीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा मन्तब्य ब्यक्त गर्नुहुदै प्रजिअ आचार्यले रूख, बिरूवा रोप्नेसंगै त्यसको संरक्षण गरेर हुर्काउने विषयमा पनि ध्यान दिनुपर्ने बताउनुभयो । सहायक वन अधिकृत अजयविक्रम मानन्धरले सञ्चालन, भुसंरक्षण अधिकृत दिवाकर पौडेलले स्वागत र जिल्ला वन अधिकृत सुखलालप्रसाद जयसवालले कार्यक्रमको समापन गर्नुभएको थियो ।

म्याग्दीमा यस वर्ष दुई लाख ५० हजार विभिन्न प्रजातीका बिरूवा रोपीने भएको छ ।

जिल्ला वन कार्यालयले एक लाख १५ हजार, भुसंरक्षण कार्यालयले ७० हजार र वन समूहले ६० हजार बिरूवा उत्पादन गरेका छन् । सल्ला, राईखन्यु, निमारो, टिमुर, सिर्मू, श्रीखण्ड, राजवृक्ष, कल्की, कपुर, अम्रिसो, बास, कोईरालो लगायत प्रजातीका बिरूवा उत्पादन गरिएको हो ।

सामुदायीक वन उपभोक्ता समूह र स्थानीय बासिन्दाले नांगो पाखो, खेतबारी, खोल्सा आदी ठाउमा बिरूवा रोप्न सुरू गरेका छन् । पहिरो र भुक्षय नियन्त्रण, वातावरण संरक्षण तथा पशुको आहरा आपूर्तीका लागि वृक्षारोपण प्रभावकारी बनेको छ ।

घारखोलामाथि झोलुङ्गे पुल निर्माण

■ नवविकल्प

अन्नपूर्ण चक्रिय पदमार्गमा पर्ने म्याग्दीको घार र शिख गाविसको सिमानामा पर्ने घारखोलामाथी झोलुङ्गे पुल निर्माण भएको छ ।

जिविस, गाविस, स्वाप कार्यक्रम, समुदायको ३० लाख ५३ हजार ८१३ रूपैयाँको लागतमा निर्माण भएको पुलबाट १८८ घरधुरीका एक हजार ८८२ जनसंख्या लाभान्वित भएका उपभोक्ता समितिका अध्यक्ष भिमबहादुर पुनले बताउनुभयो ।

जिविस अन्तरगतको विकेन्द्रित ग्रामिण पुर्वाधार निर्माण तथा जिविकोपार्जन सुधार कार्यक्रम (ड्रिलीप) मार्फत निर्माण भएको पुलको लम्बाई ७५ मिटर लामो रहेको छ ।

स्थानीय बासिन्दाका अलावा अन्नपूर्ण चक्रिय पदमार्गको घोडेपानी-भुरूङ्ग तातोपानी यात्रा गर्ने पर्यटकहरूले यसअघि जिर्ण अवस्थामा रहेको काठेपुलबाट जोखिमपूर्ण यात्रा गर्दै आएका थिए ।

नयाँ झोलुङ्गे पुल निर्माण भएपछि स्थानीय बासिन्दा र पर्यटकलाई धेरै राहत मिलेको उपभोक्ता समितिका अध्यक्ष पुनले बताउनुभयो ।

म्याग्दीमा साढे ६८ हजार जना मतदाता दर्ता

■ नवविकल्प

म्याग्दी जिल्लाका साढे ६८ हजार जनाले तस्विर सहितको मतदाता नामावली दर्ता गराएका छन् ।

जिल्ला निर्वाचन कार्यालयले बेनीमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा हालसम्म ३७ हजार ८११ जना पुरूष र ३० हजार ८५२ जना महिला मतदाताले तस्विर सहितको नामावली दर्ता गरेको जानकारी गराइएको हो ।

जिल्ला निर्वाचन अधिकृत केदारनाथ पौडेलले वि.स २०७० मंसिर ४ गते भएको दाश्रो संबिधानसभा निर्वाचन पछि म्याग्दीमा १२ हजार १११ जना नयाँ मतदाताको तस्विर सहितको विवरण दर्ता गरेको जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचन कार्यालयले ग्रामिण क्षेत्रमा छुटेका मतदाताको विवरण संकलन गर्न सञ्चालन गरेको अद्यावधिक अभियानका क्रममा १४ गाविसका ७७७ जनाको नामावली दर्ता भएको छ । मुदी र रूममा सञ्चालन भएको एकिकृत घुम्ती शिवीर मार्फत १४६ जनाको नामावली दर्ता भएको थियो ।

निर्वाचन आयोगले १६ वर्ष उमेर पुगेका नागरीकहरूको मतदाता नामावली र राष्ट्रिय परिचयपत्र वितरणका लागि तस्विर सहितको विवरण दर्ता गर्दै आएको छ । जिल्ला प्रशासन कार्यालय, निर्वाचन कार्यालयका अलावा ग्रामिण क्षेत्रमा घुम्ती टोली परिचालन गरेर नामावली दर्ता गर्ने ब्यवस्था मिलाइएको छ ।

प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेपाली काँग्रेसका सचिव हरिकुमार श्रेष्ठ, नेकपा एमालेका सचिव बालकृष्ण सुवेदी, माओवादी केन्द्रका संयोजक गोविन्द पौडेल लगायतले नगरपालीका क्षेत्रमा छुटेका मतदातालाई समेट्न प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

निर्वाचन अधिकारी पौडेलको अध्यक्षता, नायव सुब्बा बलबहादुर खत्रीको सञ्चालन र लेखापाल बिमलप्रसाद गौतमको स्वागत मन्तब्यमा सम्पन्न कार्यक्रममा राजनितिक दल, सामाजिक संघ संस्था, कार्यालय प्रमुख लगायतको सहभागिता रहेको थियो ।

बर्षा र पहिरोका कारण म्याग्दीको यातायात सेवा ठप्प

■ नवविकल्प

तिन दिनदेखिको निरन्तर बर्षा र पहिरोका कारण पहाडी जिल्ला म्याग्दीको यातायात सेवा ठप्प भएको छ । बर्षासंगै सडकमा पहिरो खस्ने, हिलो जम्ने र खोलाहरूमा बाढी आएकाले सदरमुकाम देखि ग्रामिण क्षेत्रलाई जोड्ने सडकमा यातायात सेवा बन्द भएको हो । कच्चि सडकमा चल्ने जिप, माईक्रोबस र ट्याक्सीले सेवा दिन सकेका छैनन् ।

बेनी-जोमसोम, बेनी-दरवाङ, बेनी-पाखापानी सहित सबै सडकमा सवारी साधन चल्न छोडेको म्याग्दी जिप तथा बस सञ्चालक समितिका कार्यालय प्रमुख देवेन्द्र पौडेलले जानकारी दिनुभयो । बर्षा बन्द भएर सडक मर्मत गरिएपछि मात्रै सवारी सञ्चालन गर्न सकिने पौडेलको भनाई छ । हिमाली जिल्ला मुस्ताङलाई राष्ट्रिय राजमार्गसंग जोड्ने बेनी-जोमसोम सडक अन्तरगत म्याग्दीको दाना-३ तितर, बेगको तिप्ल्याङ तथा म्याग्दी र मुस्ताङको सिमा क्षेत्र काभ्रेभिरमा पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरूद्ध भएको हो । शुक्रबार दिउँसोदेखि अवरूद्ध भएको सडक खुलाउन हेभी ईक्युभमेन्टको अभाव हुँदा मुस्ताङ जाने आउने तिर्थयात्री, पर्यटक र स्थानीयबासी बाटोमै अलपत्र परेको दानाका होटल ब्यवसायी ईन्द्रसिङ शेरचनले बताउनुभयो ।

यसैगरी बेनी-दरवाङ सडक बाबियाचौर, तातोपानी, चुत्रेनी, दुखुखोला र डम्मरा खण्डमा हिलो, खोलामा पानीको सतह बढेको र पहिरो खसेका कारणले अवरूद्ध भएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो । बेनी-पाखापानी, बेनी-बरंजा, दरवाङ-मुना, दरवाङ-नराले, दरवाङ-ओखरबोट लगायतका ग्रामिण सडकहरू पनि अवरूद्ध हुदा खाद्यान्न, निर्माण समाग्री ढुवानी, कृषि उपज निकासी र सर्वसाधारणलाई आवत जावत गर्न समस्या भएको छ । म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसंग जोड्ने मालढुंगा-बेनी सडकको मालढुङ्गामा खसेको पहिरोका कारण अवरूद्ध बनेको यातायात सेवा सडक मर्मत पछि शनिबार अपराहन्नदेखि सञ्चालनमा आएको छ । यसैबीच बेनी बजारमा खानेपानी खापूर्ती गर्दै आएको बेनी खानेपानी उपभोक्ता संस्थाको पाईप फुटेपछि खानेपानी अभाव भएको छ । पुम्दीखोलाको पानी ल्याइएको पाईप क्याम्पसचोकमाथि पहिरोले भाचेपछि बेनीमा दूधेखोलाको मुहानको पानी मात्रै वितरण गरिएको छ । बेनी गलेश्वर खण्डमा पनि पहिरोले पाईपलाई क्षत्ती पुऱ्याएको छ । पाईप मर्मत सुरू गरिसकेको बेनी खानेपानी उपभोक्ता संस्थाले जनाएको छ ।

शिखमा खानेपानी आयोजना निर्माण

■ नवविकल्प

म्याग्दीको शिख गाविस १ मा करिब २८ लाख रूपैयाको लागतमा सिस्नेरी खानेपानी तथा सरसफाई आयोजना निर्माण भएको छ ।

जिविसद्धारा सञ्चालित पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना मार्फत निर्माण भएको आयोजनाबाट ५४ घरधुरीका २७७ जनसंख्या लाभान्वित भएका छन् ।

नेपाल सरकारको आठ लाख ६२ हजार, ३५८, फिनल्याड सरकारको आठ लाख ६२ हजार ३५८, जिविसको एक लाख ११ हजार १७२, गाविसको एक लाख ६६ हजार ९०८ र समुदायको सात लाख ५१ हजार ८६ रूपैयाको लागतमा आयोजना निर्माण भएको हो ।

कुल २७ लाख ८१ हजार ८०० रूपैयाँ लागतमा निर्माण भएको आयोजना मार्फत सिस्नेरी र चिनाल्नाको मुहानबाट पानी ल्याएर शिख तल्लोगाउँका सबै टोलमा बालमैत्री धाराबाट वितरण गरिएको उपभोक्ता समितिले जनाएको छ ।

बरंजामा पशुपालन सवलीकरण कार्यक्रम

■ नवविकल्प

म्याग्दीको बरंजामा एकल महिलाहरूको लागि पशुपालन सवलीकरण कार्यक्रम सुरू भएको छ । एकल महिलाहरूलाई ब्यवसायीक बाख्रापालन तर्फ आकर्षित गर्दै रोजगारीको अवसर सिर्जना र आयआर्जनमा सुधार ल्याउने उद्देश्यले जिल्ला पशु सेवा कार्यालयले बाख्रा बिकास कार्यक्रम लागु गरेको हो ।

कार्यक्रम सञ्चालन गर्न शुक्रबार उनकुमारी थापा क्षेत्री अध्यक्ष, ईन्द्रकुमारी छन्त्याल सचिव र चित्रकुमारी रोका कोषाध्यक्ष रहनुभएको १५ सदस्यीय बरंजा एकल महिला समूह गठन भएको छ ।

कार्यक्रममा जिल्ला पशु सेवा कार्यालयका प्रमुख बरिष्ठ पशु चिकित्सक दयाराम चापागाई, एकल महिला संघ म्याग्दीका अध्यक्ष बिमला गौचन, महिला तथा बालबालीका कार्यालयका नायव सुब्बा भुवन मल्ल, गाविस सचिव गोविन्द जिसी लगायतको उपस्थिती रहेको थियो ।

सञ्जालका अध्यक्ष उनकुमारी थापा क्षेत्रीको अध्यक्षता र सामाजिक परिचालक मनिषा पुनको सञ्चालनमा सम्पन्न भएको कार्यक्रमको सहजिकरण पशु सेवा प्राबिधिक डिल्लीराम रेग्मीले गर्नुभएको थियो । कार्यक्रम अन्तरगत समूहका सदस्यहरूलाई दुई वटा बाख्रा खरिद गर्न दश हजार र खोर निर्माणका लागि पाँच हजार रूपैया अनुदान उपलब्ध गराइने भएको छ । खोर निर्माण र बाख्रा खरिद सहित प्रजनन योग्य बोका खरिद गर्न १५ हजार, सात हजार बराबरको बिमा कोष, परजिवी नियन्त्रण, खोप आहरा विकासका लागि एकमुष्ठ दुई लाख ४७ हजार रूपैया समूहको खातामा जम्मा गरि परिचालन गरिने पशु सेवा कार्यालयले जनाएको छ । उनिहरूले दुई वर्षपछि दुई वटाका दरले अर्को समूहलाई बाख्रा फिर्ता गर्नुपर्नेछ ।

बरंजामा एक महिलाको संख्या धेरै रहेकाले पहिलो पटक त्यहाँ यस्तो कार्यक्रम सञ्चालन गरिएको हो । यसैगरी बरंजामा शुक्रबार गाविस सचिव गोविन्द जिसीको अध्यक्षतामा गाउँ बाल संरक्षण समिति र दैवीप्रकोप उद्धार समिति गठन भएको छ ।

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

असारे विकासको चाप

dh'se/ oltv] c;f/]ljsf;n];j}nfO{xftf/f] 5 . ljsf;sf nflu ljlgof]hg ePsf]ah]6 ;Sg ;j} tNnlg 5g\. ;j}lt/ ;j}nfO{c;f/]ljsf;s}xtf/f] 5 . ;/sf/L tyf u}/;/sf/L ;+3;+:yfx?n]sfuhdf cfkm\gf]k|ult b]vfpg s}nflu ul/g] sfo{qmdx?sf] o;k6s klg ljutsf h:t}lgs}rfk 5 . o:tf]c;f/] ljsf;sf] ;+sf/n]dfly b]lv tn;Dd em/f uf8]sf] 5 . cfly{s jif{sf]cGtdf cfP/ xtf/ xtf/df ul/g] ljsf; lbuf]/ uOf:t/oQm 5g\ . dh'sdf /fhlg]lts l:yl/tf gxF'/ ah]6 sfof{Gjog ug]{lgsfox?sf] sdhf]/ Ifdtfsf sf/0f ljlgof]hg ePsf]ah]6 ;dod} vr{x'g ;Sb}g eg]vr{eOxfn]klg ck]lIft pknAwL xfF;n x'g ;Sb}g .

dh'se/ h:t} DofUbLdf klg o;kfnL c;f/] ljsf;sf]rfkn];j}t/ 5fPsf]5 . lhNnfsf]ljsf;sf ljleGg lzif{sx? nflu ljlgof]hg ePsf] ah]6 ;Sg sDd/ s;]/ nfu]sf 5g\. lhNnfsf ;/sf/L lgsfox?n] cfhsn b}lgsh ;f] ljleGg uf]i7L / tflndx?sf] cfof]hgf ul//x]sf 5g\. cfhsnsf sd{rf/Lx? ;f>4fsf kl08t h:tf ePsf 5g\. lhNnfsf ljsf;]sfo{x?nfO{k|ult b]vfpg EofOgEofO 5 . lxpbel/ 3fd tfk] j:g]/ cfly{s jif{sf] clGtddf cfP/ sfd ug{ sDd/ s:g]k|j[Q ;/sf/L sd{rf/Ldf dfq xf]Og gful/x?df klg 5 . ufpFufpFdf ljsf;sf nflu 56\6fOPsf]ljsf; ah]6 ;dod}vr{x'g ;s]sf]5g\ . of]/fu ;j{t/ eg] 5g\ . sltko pkef]Qmfx?n] nIoeGbf cufj} sfd ;s]sf p2fx/0fx? klg 5g\. ;/sf/L ah]6 eGbf tL]a/ cfly{s ;+sng u/] ufpFufpFdf ljsf; u/]sf klg 5g\. sltko ufpFsf dlxnfx?n] ljlgof]ht ah]6nfO{ ;dod} ;s]/ uOf:t/oQm sfd u/]sf 5g\. dlxnfx?nfO{c;f/]ljsf;n]5fPsf]5g\ . t/ sltko :yfgx?sf of]hgfx?df !) k|ltzt klg sfd x'g ;s]sf]5g\ . c;f/ d;fGtdf ;Sgkg{sfdsf] !) k|ltzt klg gxF'bf cjsf]sx}L lbgdf ;Sg]sg} cfwf/x? 5}gg\.

;dod}ah]6 sfof{Gjog gxF'bf k'/fgf ;/sf/L P]{lgod, sd{rf/Lx?sf]sfd ug{Ifdtfdf sld, lgdf{0f Joj;foLsf] nfk/jfxL / gful/sx?df hgr]tgfsf] cefj h:tf s'/fx?n] xfdLnfO{c;f/]ljsf;g}sf]kg{ afWotf 5 . gofF;+ljwfgsf] sfof{Gjog ;F}c;f/] ljsf;snfO{vf/]h ul/gkb{5 . of] c;f/]ljsf;n] xfd|]ljsf; ug{;Sb}g . xfdL ;j}n]c;f/]ljsf;sf] dfgl;stf TofUgkb{5 . ;/sf/L sfo{nox?n]klg ;dod}ljsf; ah]6nfO{ljlgof]hg ug{ kl/kf6L j;fNgkb{5 . cfly{s jif{sf] clGtddf cfP/ ah]6 ljlgof]hg ug{/ ;Sg]kg{lgodsf sf/0f c;f/] ljsf; dfh}fPsf]xf]. cj lo ;j}k'/fgf ;+sf/ / k|j[Qx?af6 kf7 l;Sb}gofFcfod ;'? u/f}.

l6Kk0fL, k|ltlqmof / ;'emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख,समाचार, वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

किन हुँदैन बजेट समयमै खर्च ?

रूद्रप्रसाद अधिकारी

... अर्का कारण कर्मचारीको उदासीनता हो। कर्मचारीहरुलाई समयमै काम गर्नुपर्छ नत्र बजेट फ्रिज हुन्छ भन्ने त थाहा छ तर त्यसको दोष आफुलाई पनि आउँछ भन्नेमा खासै वास्ता गर्दैनन्। कर्मचारीतन्त्रमा एकले अर्कोलाई देखाउँदै आफ्नो जिम्मेवारीबाट पन्छिन खोज्ने प्रवृत्ति व्याप्त छ। "सरकारी काम कहिले जाला घाम" भने झैँ कार्यालयका कामकाजमा भन्दा पनि व्यक्तिगत लाभ कताबाट लिन सकिन्छ भन्ने मानसिकता उनीहरुमा हावी छ। उनीहरुको ढिलासुस्ती र अपारदर्शिताले जनता आक्रान्त भैरहेका छन् ।

आर्थिक वर्षको अन्त्यतिर आइपुग्दा पुँजीगत बजेट चालिस प्रतिशतको हाराहारीमा मात्र खर्च हुने अवस्था देखिएको छ । यसले विनियोजित बजेट खर्च गर्न नसक्ने हाम्रो खुबीलाई उजागर गरेको मात्र छैन देशको विकासको गति निकै सुस्त छ भन्ने प्रस्ट पारिदिएको छ । बजेट विनियोजनमा रस्साकसी गर्ने हामीले बजेट किन समयमै खर्च हुन सकेन भनेर खासै ध्यान दिन सकिरहेका छैनौं। यसतर्फ हामीले नजरअन्दाज गरेर बसिरह्यौं भने देश अझ पछाडी धकेलिने छ।

विनियोजित बजेट समयमै खर्च नहुनुका पछाडी थुप्रै कारण छन्। पहिलो कारण त बिगत चौध वर्ष देखि स्थानीय निकायहरू जनप्रतिनिधि विहिन अवस्थामा चलिरहेका छन् जसले गर्दा स्थानीय निकायहरूले जनता प्रति उत्तरदायी हुन र जनताको विकास प्रतिको चाहनालाई गम्भीर रूपमा लिन सकिरहेका छैनन् । त्यतिमात्र होइन सहमतीय पद्धतीका आधारमा विकासका निर्माणका योजनाहरू संचालन गर्ने नाममा योजना छनौट देखि लिएर उपभोक्ता समिति गठन सम्मका कुरामा राजनीतिक भागवण्डा मिलाई योजना सम्झौता देखि सम्पन्न गरून्जेल सम्म धेरै समय खर्चिनु पर्ने बाध्यता छ । यसले समग्र विकास प्रकृयालाई सुस्त बनाइरहेको छ ।

अर्को कारण कर्मचारीको उदासीनता हो। कर्मचारीहरूलाई समयमै काम गर्नुपर्छ नत्र बजेट फ्रिज हुन्छ भन्ने त थाहा छ तर त्यसको दोष आफुलाई पनि आउँछ भन्नेमा खासै वास्ता गर्दैनन्। कर्मचारीतन्त्रमा एकले अर्कोलाई देखाउँदै आफ्नो जिम्मेवारीबाट पन्छिन खोज्ने प्रवृत्ति ब्याप्त छ। "सरकारी काम कहिले जाला घाम" भने झैँ कार्यालयका कामकाजमा भन्दा पनि ब्यक्तिगत लाभ कताबाट लिन सकिन्छ भन्ने मानसिकता उनीहरूमा हावी छ । उनीहरूको ढिलासुस्ती र अपारदर्शिताले जनता आक्रान्त भैरहेका छन् ।

बजेट समयमै खर्च हुन नसक्नुको अर्को कारण हो जनताका लाचारीपन। बहुसंख्यक जनताले कहाँबाट के मा कति बजेट छुट्टिएको छ र त्यो कसले कसरी खर्च गर्छ भनि चासो लिंदैनन् । खासगरी गरिब, निमुखा र दुर्गमका जनताको पक्षमा बोलिदिने र उनीहरूको आवाज सुनिदिने पनि कोहि छैन । विहान बेलुका कसरी हातमुख जोर्ने भन्नेमै उनीहरूको ध्यान केन्द्रित हुन्छ । टाठा, बाठा र पहुँचवालाहरू आफ्नो दुनु सोझ्याउन तिर मात्र लाग्छन। नागरिक समाज, मिडिया र बौद्धिक वर्गलेजे जस्तो भूमिका खेल्नुपर्ने हो त्यसो गर्न सकिरहेका छैनन्।

देशको समसामयिक परिस्थितिले पनि बजेटको खर्चमा प्रभाव पार्दछ। त्यस्तैसमय समयमा हुने प्रगति समिक्षा र स्थलगत अनुगमन तथा मुल्यांकनबाट प्राप्त पृष्ठपोषणलाई आत्मसाथ गर्न नसक्नु पनि थप कारण हुन्। तोकिएको काम तोकिएको समय सिमा भित्र सम्पन्न गर्ने अभ्यास नहुनु नै समयमै बजेट खर्च नुहुनुको प्रमुखकारण हो। तिकिएको समयसीमा भित्र काम गर्न सबै पक्ष उत्तिकै जिम्मेवार भएर लाग्नुपर्छ।

एकातर्फ बजेट खर्च हुन नसकेर फ्रिज भएर जाने समस्या छ भने अर्कोतर्फ खर्च भएको बजेटको दश प्रतिशत पनि काम नगरी शतप्रतिशत काम भएको भनि "बिल मिलाएर खाने" प्रवृत्ति बढ्दै गइरहेको छ। समयमै ध्यान दिनसकिएन भने यो रोगले देशका महत्वपूर्ण अंगहरूलाई शिथिल बनाई पुरै देशलाई नै थला पार्ने निश्चित छ ।

जनताले रगत पसिना बगाई तिरेको करबाट प्राप्त हुने रकमबाट निर्मित बजेट जनताकै सेवामा लगाउन सकिएमा मात्र न्यायसंगत हुन्छ। राष्ट्रको ढुकुटीबाट कसैलाई गोजी भर्न दिएर,घर घडेरी किन्न दिएर वा छोरा-छोरीलाई विदेश पठाउन दिएर देशको विकास हुँदैन । राष्ट्रको ढुकुटीमा सबैको समान हक हुन्छ, यसलाई समयमै विकास निर्माणमा कार्यमा खर्च गर्नुपर्दछ।

■

विभिन्न राष्ट्रिय, स्थानीय समाचारका साथमा नवविकल्प साप्ताहिकको इ-पेपरका लागि Login गर्नुहोस् -
www.bikalpanews.com
gjljsNk ;fKtflxs l8lh6n Gohkk/
हामीलाई फेसबुक र ट्वीटरमा समेत फलो गर्न सक्नुहुन्छ
https://www.facebook.com/bikalpanews/
https://twitter.com/NawabikalpaWeek

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक,स्टेशनरी सामग्री,खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

नहर भत्किएपछि मल्लाजमा रोपाइ प्रभावित

■ नवविकल्प

पर्वतको मल्लाज सिचाई आयोजनाको नहर पहिरोले भत्काएपछि बाँसखर्क र माझफाँट गाविसमा धान रोपाई प्रभावित भएको छ ।

मुख्य खाद्यबाली धान लगाउने समयमा नहर भत्कीएपछि पानीको अभावमा करिब एक हजार घरधुरी कृषकहरू समस्यामा परेका छन् । आयोजनाको पुम्दीखोला स्थित मुहानदेखि एक हजार दुई सय मिटरको दुरीमा रहेको करिब दश मिटर नहर खसेको पहिरोले भत्काएको हो ।

अक्करे भिरको बिचमा रहेको नहर भत्कीएपछि बाँसखर्क र माझफाँट गाविसका कृषकहरूलाई रोपाई गर्न समस्या भएको आयोजनाका कोषाध्यक्ष चन्द्रबहादुर खत्रीले बताउनुभयो । भिरबाट खसेको कडा चट्टान सहितको पहिरोले नहरको बेस सहित भत्काएको छ । मल्लाज क्षेत्रमा सो नहरको पानी प्रयोग गरेर दैनिक ३० देखि ३५ हलले रोपाई गरिरहेका थिए ।

सिचाई अभाव भएपछि कृषकहरू चिन्तित भएका छन् । आयोजना मार्फत बाँसखर्कको ८ र माझफाँटको १ नम्बर वडा बाहेक ४८० हेक्टर जमिनमा सिचाई सुबिधा पुऱ्याउदै आएको थियो । नहर भत्कीएपछि रोपाई स्थगित गर्नुपर्ने अवस्था आएको आयोजनाको उपभोक्ता समितिका अध्यक्ष टेकबहादुर जिसीले बताउनुभयो ।

उहाँका अनुसार अहिले घोप्टे छहराको पानी मात्रै नहरमा आएको छ । पर्याप्त पानी नहुँदा धान रोपाई गर्न समस्या भएको हो । रोपाईका लागि असार ११ गतेदेखि नहरमा पानी चलाइएको थियो । मल्लाजमा अहिले करिब पाँच प्रतिशत मात्रै रोपाई भएको छ । आयोजना मर्मतका लागि सोमबार भत्कीएको ठाउँमा गएर निरिक्षण गरेपछि आवश्यक कदम अघि बढाउने अध्यक्ष जिसीले बताउनुभयो ।

उहाँका अनुसार नहर भत्कीएको ठाउँमा पाईप राखेर पानी चलाउने योजना भएपछि कठिन भुगोलका कारण सफल हुने सम्भावना कम देखिएको छ । २०३६ सालमा सुरू भएको मल्लाज सिचाई आयोजना २०६८ सालमा पूर्ण रूपमा सञ्चालनमा आएको थियो । अहिले सो आयोजनाको मुख्य नहरबाट पानी वितरण गर्न नौ वटा शाखा नहर बनाउने काम भैरहेको छ ।

म्याग्दीमा किबी खेती प्रति आकर्षण बढ्दो

■ नवविकल्प

राम्चेकी माया पुर्जा आफ्नो बारीमा लगाएको किबीको फल देखाउँदै । तस्विर : ठाकुरप्रसाद आचार्य

म्याग्दीका ग्रामिण भेगका किसानहरू किबी खेती तर्फ आकर्षीत हुन थालेका छन् । राम्चे, हस्तान र भकिम्ली गाविसका कृषकहरूले पाखोबारीमा किबीको ब्यवसायिक खेती गर्न थालेका छन् । एकपटक विरूवा रोपेपछि चालिस वर्ष सम्म फल दिन सक्ने भएकाले किसानहरूको रोजाइमा किबी खेती पर्न थालेको हो ।

समुन्द्री सतहको एकहजार दुइसय देखि दुइहजार दुइसय मिटरको उचाई सम्म किबी खेतीका लागि उपयुक्त हुनेभएकाले यस क्षेत्रका किसानहरू किबीको ब्यवसायिक खेती तर्फ आकर्षीत छन् ।

जिल्लाको राम्चे गाविसका प्रयाः जसो घरहरूमा किबी खेती गरिएको छ । गाउँका अगुवा किसानहरूले ब्यवसायिक रूपमा किबी खेती गर्न थालेपछि युवा पीडीमा पनि यस तर्फ आकर्षण बढेको राम्चेका स्थानीय कृषक ओमवहादुर पुर्जाले बताउनुभयो ।

पुर्जाले विगत १२ वर्ष देखि किबी खेती गर्दै आउँनुभएको छ । एकपटक लगाएपछि धेरै वर्ष सम्म फल लिन सकिने भएकाले किबी खेती गर्ने किसानहरूको संख्या वढेको पुर्जाले बताउनुभयो ।

एकपटक लगाएपछि धेरै वर्ष सम्म फल लिन सकिन्छ पुर्जाले भन्नुभयो,' किबी खेतीबाट कम परिश्रमबाट पनि धेरै फाइदा लिन सकिन्छ ।' स्थानीय बजारमा किबी फलका वारेमा सर्वसाधारणहरूमा त्यति जानकारी नभएकाले बजार पाउन नसकेपनि ठूला सहरहरूमा भने किबी फलको माग उच्च भएको पुर्जाले सुनाउनुभयो ।

तिनवर्ष अगाडी १० वटा किबीका विरूवा रोपेको बताउँने राम्चेकी माया पुर्जाले अहिले राम्रो फल दिन थालेको बताउनुहुन्छ । उहाँले गतवर्ष किबी बिक्री गरेर पचासहजार रूपियाँ आम्दानी गरेको बताउनुभयो ।

रहर लागेर तिनवर्ष अगाडी किबीका विरूवा रोपेको हुँ पुर्जाले भन्नुभयो,'अहिले राम्रो फल लाग्दा त खुसिको सिमा छैन ।' राम्रो तरिकाले स्यार गर्ने हो भने १० वटा विरूवाबाट वर्षमा एकलाख रूपियाँ सम्म आम्दानी गर्न सकिने माया पुर्जाले सुनाउनुभयो । गत वर्ष पोखरा पुऱ्याएर तिनसय पचास रूपियाँ प्रतिकेजीमा बिक्री गरेको उहाँले बताउनुभयो ।

पछिल्लो समय किसानहरूमा किबी खेती प्रति रूचि बढ्दै जानथालेको कृषि विकास कार्यालय म्याग्दीका बागवानी विकास प्राविधक साहयक श्याम क्षेत्रीले बताउनुभयो । उहाँका अनुसार यस वर्ष हेवार्ड र ब्रुरूनो जातका एकहजार किबीका विरूवा किसानहरूलाई वितरण गरिएको बताउनुभयो ।

स्थानीय बजारमा किबीको बजार नभएपनि ठूला सहरहरूमा भने यसको माग उच्च भएको कृषि विकास कार्यालय म्याग्दीका प्रमुख एवम् वरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताउनुभयो ।

उहाँका अनुसार किबी खेती तर्फ आकर्षण भएपनि स्थानीय तहमा बजारको समस्या भएकाले कार्यालयले यसको खेतीमा प्राथमिकता नदिएको बताउनुभयो । स्थानीय बजारहरूमा किबी फल खाने बानी नपरेकाले यसको बजारीकरणमा समस्या भएको उहाँको भनाई छ । मूल्य बढी हुनु, किसानहरूले ठूला सहरहरूमा नियमति रूपमा पुऱ्याउन नसक्नु र स्थानीय उपभोक्ताहरूको किबी फल खाने बानी नहुँनुले किबी खेतीको विस्तारमा समस्या आएको उहाँको भनाइ छ ।

महेन्द्र शाहीको परिवारलाई मोना कतारको सहयोग

■ नवविकल्प

प्रवासमा रहेका म्याग्देलीहरूले संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना कतार)ले -११ भिरमुनीका स्वर्गिय महेन्द्र शाहीको परिवारलाई आर्थिक सहयोग गरेको छ । रोजगारको सिलसिलामा कतारमा लामो समयसम्म विरामी भई घर फर्किएको अवस्थामा गत असार २ गते निधन भएका शाहीको परिवारलाई हस्तान्तरण गरिएको छ ।

मोना कतारका सञ्चारसंयोजक एवम् ओमकुमारी शान्ति कोषका उपाध्यक्ष हरिकृष्ण गौतमले मृतक शाहीको परिवार, कार्यक्रममा वडा नागरिक मञ्च-१४ का संयोजक डम्बर बहादुर शाही, पण्डित मोहनप्रसाद रेग्मी, स्थानियबासी लगाएतको उपस्थितीमा क्रियाखर्च ६३ हजार ६६७ रूपैयाँ र कान्छो छोरा सुदिपको शिक्षादिक्षाका लागि ५० हजार गरी १ लाख १३ हजार ६६७, रूपैयाँ हस्तान्तरण गरेका छन् । रोजगारको सिलसिलामा कतारमा विरामी भएपछि हमाद अस्पतालको आईसियूमा उपचार गराइरहेको अवस्थामा अवस्था जटिल देखिएपछि सरकारी खर्चमा शाहीलाई स्वदेश फिर्ता गरिएको थियो ।

हस्तान्तरण कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी जिल्ला कार्यसमिति सदस्य रामप्रसाद पौडेलले सहयोलाई सदुपयोग गर्न अनुरोध गर्नुभयो । मोना कतारका पुर्व अध्यक्ष विक्रम कार्कीको पहलमा रकम संकलन भएको थियो । रोजगारकै सिलसिलामा कतारमा रहेका स्वर्गिय शाहीका छोरा मिलन शाहीलाई समेत कतारमै गाउँकै उमेश भण्डारीले ४८ सय ५८ रियल उपलब्ध गराएको समेत जानकारी गराइएको थियो । कार्यक्रमको सञ्चालन कृष्ण खत्रीले गर्नुभएको थियो । स्वर्गिय शाहीका २ श्रीमति र ३ छोरा रहेका छन् । विरामी अवस्थामा समेत म्याग्देलीले ठूलो सहयोग गरेका थिए ।

बेनी-देउराली सडक आयोजना अन्तिम चरणमा

■ नवविकल्प

म्याग्दीको बहुप्रतिक्षीत बेनी-पाखापानी सडक आयोजना अन्तरगत बेनी-देउराली खण्डको स्तरवृद्धी गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

जिविस अन्तरगत सञ्चालित विकेन्द्रित ग्रामिण पूर्वाधार निर्माण तथा जिविकोपार्जन सुधार कार्यक्रम (ड्रिलीप) परियोजनाले ३.१८० मिटर सडक स्तरवृद्धीको काम अन्तिम चरणमा पुगेको जनाएको छ ।

वि.स २०७१ असार १ गते सोही वर्षको फागुन महिनामा सम्पन्न गर्ने लक्ष्य सहित सुरू भएको आयोजना प्रभावित क्षेत्रका बासिन्दाको असहयोग, बिवाद, दातृ निकाय एशियाली विकास बैंक, ठेकेदार र कर्मचारीहरूको ढिलासुस्तीका कारण डेढ वर्ष ढिला गरि सम्पन्न हुन लागेको हो ।

ठेकेदार कम्पनी शिवशक्तिरनाना जेभीका प्रतिनिधि विपीन खड्काले असार मसान्तभित्र आयोजनाको काम सम्पन्न हुने जानकारी दिनुभयो । बेनी देखि अर्थुङ्गे देउरालीसम्म बिवादीत स्थान बाहेकको ठाउँमा ग्राभेल गर्ने, नाली बनाउने, पक्कि र ग्याबिन पर्खाल लगाउने काम सकेको उहाँले बताउनुभयो ।

आँपरूख लगायतका ठाउँमा चार सय मिटर पिसीसी र आरसीसी ढलान गर्ने काम सोमबारबाट सुरू गर्ने खड्काले जानकारी दिनुभयो । निर्धारीत समयमा काम पुरा गर्न नसकेको भन्दै आयोजनाले ठेकेदार कम्पनीलाई बैशाख १६ गतेदेखि दैनिक १२ हजार ६०५ रूपैयाका दरले जरिवाना तोकेको छ ।

जरिवाना तिराउन सुरू गरेको एक सय दिनसम्म पनि काम सम्पन्न नगरे घरौटी जफत हुने चेतावनी दिएपछि निर्माण कार्यले तिब्रता पाएको आयोजना प्रमुख बिवेक केसीले बताउनुभयो । दुई करोड ४७ लाख ८२ हजार ८२३ रूपैयाँमा आयोजनाको ठेक्का सम्झौता भएको थियो ।



सावुन पानीले हातधोऔं
किन, कसरी र केका लागी
कीटाणुको जमघट
हात धुने ६ तरिका
स्वस्थ रहने सबैभन्दा सजिलो र प्रभावकारी उपाय नै हात धुनु हो

म्याग्दीमा बिस प्रतिशत रोपाई

■ नवविकल्प

म्याग्दी जिल्लामा मध्य असारसम्म बिस प्रतिशत रोपाई भएको छ । तिन हजार नौ सय हेक्टर क्षेत्रफलमा धानखेती हुने म्याग्दीमा हालसम्म बिस प्रतिशत खेतमा रोपाई भएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।

सिचाई सुबिधा भएको र उच्च पहाडी क्षेत्रमा धान रोपाई भैसकेको छ । कम सिचाई सुबिधा भएको तटीय क्षेत्रमा रोपाई सुरू भएको छ । कृषि विकास कार्यालयका अनुसार धान खेती हुने आठ प्रतिशत खेतमा नियमित ब्यवस्थित सिचाई सुबिधा उपलब्ध छ ।

म्याग्दीमा छेमरोङ, खुमल ४, मार्सी, ताकमारे, भट्टे, माछापुच्छे, अन्नपूर्ण ३, लुम्ले दुई लगायत उन्नत जातको धान खेती हुने गरेको बरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताउनुभयो । यसैगरी पहैंले, जर्नेली, गौरी, गुडुरा जातका स्थानीय जातको पनि धान खेती हुने गरेको छ ।

भिरालो बारी र सुख्खा पाखोमा पनि लगाउन सकिने घैया जातको धान भने लोप हुने अवस्थामा पुगेको छ । कृषकले सुरक्षित रूपमा विउ भण्डारण र छनौट गर्न नसक्दा स्थानीय जातका धानमा रोगको समस्या बढेको बरिष्ठ कृषि विकास अधिकृत रिजालले बताउनुभयो ।

म्याग्दीमा वार्षिक १२ हजार मेट्रिक्टन धान उत्पादन हुने गरेको छ । मौसमले साथ दिने र समयमा रोपाई गर्न सकेमा उत्पादन बढ्ने कृषी प्राबिधिकहरूको भनाई छ । पुलाचौर, बाबियाचौर, ज्यामरूककोट, रत्नेचौर, अर्मन, सिंगा, घतान, पात्लेखेत, पिप्ले, भगवती, ताकम, देविस्थान लगायतका गाविस धान खेतीका लागि पकेट क्षेत्र मानिन्छ ।

यसैबीच म्याग्दीमा पनि विभिन्न कार्यक्रम गरेर १३ औ राष्ट्रिय धान दिवस मनाइएको छ । जिविस र महारानी कृषक समूहको सहयोगमा जिल्ला कृषि विकास कार्यालयले बेनपा ११ पुलाचौरको कुँडुलेमा धान दिवसको अवसरमा कार्यक्रमको आयोजना गरेको थियो । जिल्ला स्थित कार्यालय प्रमुख, राजनितिक दलका प्रतिनिधि, कृषि प्राबिधिक, विभिन्न संघ संस्थाका प्रतिनिधि र कृषकहरूले सामुहिक धान रोपाई गरेर दिवस मनाइएको हो । स्थानीय विकास अधिकारी चिरञ्जिवी पौडेलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । यस वर्ष धान दिवसको नारा 'ब्यवसायकि धान खेतीको आधार, सामुदायीक नर्सरीको विस्तार' भन्ने रहेको थियो ।

महारानी कृषक समूहका अध्यक्ष गिरेन्द्र बानियाको अध्यक्षता र ओमबहादुर बानियाको सञ्चालनमा सम्पन्न कार्यक्रममा बरिष्ठ कृषि विकास अधिकृत रिजालले धान दिवसको महत्वका बारेमा प्रकाश पार्नुभएको थियो ।

असारलाई कृषकहरूले मानो खाएर मुरी उब्जाउने महिनाको रूपमा लिने गरेका छन् । म्याग्दीका कृषकहरू हिजोआज धान र कोदो रोपाईमा ब्यस्त छन् । असार पन्ध्रका दिन दहि चिउरा खाएर मनाउने चलन पनि रहेको छ ।

मासिक साठी लाख बराबरको दूधको कारोबार

■ नवविकल्प

जिल्ला सदरमुकाम बेनी बजारमा मासिक साठी लाख रूपैया बराबरको दूधको कारोबार हुने गरेको छ ।

दूग्ध ब्यवसायी संघ बेनीका अनुसार बेनीमा दैनिक दुई हजार पाँच सय लिटर दूध खपत हुन्छ । दुई हजार लिटर डेरी पसलबाट र पाँच सय लिटर कृषकले सिधै ग्राहकको घरमा लगेर दूध बेच्ने गरेका संघका अध्यक्ष कोषानन्द आचार्यले जानकारी दिनुभयो ।

प्रतिलिटर ६५ रूपैयामा कृषकबाट खरिद हुने दूध ८० रूपैयाका दरले बिक्री हुने गरेको छ । मासिक ७५ हजार लिटर दूध खपत हुने बेनीमा मासिक ६० लाख बराबरको दूधको कारोबार हुने गरेको अध्यक्ष आचार्यले बताउनुभयो ।

बेनीमा ३८ वटा दूध डेरी रहेका छन् । सत्तरी प्रतिशत म्याग्दी र तिस प्रतिशत पर्वतको माझफाँट, लेकफाँट गाविसबाट दूध आयात हुने गरेको छ । सिंगा, बरंजा, ज्यामरूककोट, अर्थुङ्गे, बास्कुना र घतानका कृषकहरूले बेनीमा दूध बिक्री गर्दै आएका छन् ।

पछिल्लो समय कृषकहरू ब्यवसायीक गाईभैसीपालन तर्फ आकर्षित हुने क्रमसंगै दूध उत्पादन पनि बढेको जिल्ला पशु सेवा कार्यालयका पशु सेवा प्राबिधिक डिल्लीराम रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा हाल करिब एक सय वटा गाईभैसी फार्म दर्ता भएर सञ्चालन भएका छन् ।

जिल्लामा उत्पादन बढ्न थालेपछि पर्वत र पोखराबाट दूध आयात घट्दै गएको छ । दूध सहरबाट गाउँमा पैसा भित्र्याउने माध्यम बनेको छ । बेनी नगरपालीका १३ र १४ नम्बर वडामा पर्ने सिंगा, बास्कुना क्षेत्रबाट मात्रै वार्षिक एक करोड रूपैया बराबरको दूध निकासी हुने गरेको छ ।

गाईभैसीपालन गरि दूध उत्पादन गर्ने पेशा कृषकहरूको जिविनस्तर सुधार र आयआर्जन वृद्धी गर्न प्रभावकारी बनेको बास्कुनाका कृषक तिलक गुरूङले बताउनुभयो । यसैगरी बेनीमा बिहीबार एक कार्यक्रमको आयोजना गरि दूध दिवस २०७३ मनाइएको छ ।

जिल्ला पशु सेवा कार्यालयले दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा सहभागिहरूले दूध उत्पादन वृद्धी, गुणस्तरीयता र पाडापाडी तथा बाच्छाबाच्छी हुर्काउन जोड दिएका थिए । स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेलले दूधको उपभोग बढाउने सर्वसाधारणले खाने बानीमा सुधार ल्याउनुपर्ने बताउनुभयो । उहाँले बाच्छालाई दूध खानै नदिएर मार्ने र पाडापाडी कटाउने विकृती बढेको भन्दै कृषकहरूलाई सचेत गराउनुभयो ।

बरिष्ठ पशु चिकित्सक दयाराम चापागाईले दूधको राष्ट्रिय र स्थानीय उत्पादन तथा उपभोगको अवस्थाको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले म्याग्दीलाई दूधमा आत्मनिर्भर बनाउन नश्ल सुधार, ब्यवस्थित पशुपालन र लागत कम गर्न घाँसमा आधारीत पशुपालनमा जोड दिनुभयो ।

दूग्ध ब्यवसायी संघ म्याग्दीका अध्यक्ष कोषानन्द आचार्यको अध्यक्षता, जिल्ला पशु सेवा कार्यालयका पशु सेवा प्राबिधिक डिल्लीराम रेग्मीको सञ्चालन र पशु विकास अधिकृत नरबहादुर बानियाको स्वागतमा सम्पन्न कार्यक्रममा बास्कुना कृषि सहकारी संस्थाका अध्यक्ष तिलक गुरूङले पनि मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

म्याग्दीमा साढे २१ हजार दूध दिने गाई भैसीबाट वार्षिक ५२ लाख ६५ हजार लिटर दूध उत्पादन हुने पशु सेवा कार्यालयले जनाएको छ । प्रतिब्यक्ति वार्षिक ५७ लिटर दूध आवश्यक पर्नेमा हाल उपभोगको अवस्थामा वार्षिक ४७ लिटर रहेको छ । दूधमा म्याग्दी आत्मनिर्भर उन्मुख रहेको पशु सेवा कार्यालयले जनाएको छ ।

दिदीबहिनीद्वारा दृष्टिविहीन र पहिरो पीडितलाई सहयोग

■ नवविकल्प

बेनीमा रहेको दिदीबहीन बचत तथा ऋण सहकारी संस्थाले मुठ्ठीदान अभियान मार्फत पहिरो पीडित र दृष्टिवीहिन विद्यार्थीलाई खाद्यान्न सहयोग गरेको छ ।

९४ औं अन्तराष्ट्रिय सहकारी दिवसका अवसरमा बेनपा ५ डम्बराकी पहिरो पीडित डिल कुमारी खत्री र म्याग्दी बहुमुखी क्याम्पसमा अध्ययनरत बेनपा १० तोरीपानीका दृष्टीविहिन छात्र गोपाल खत्रीलाई सहयोग गरेको हो ।

संस्थाले शनिबार बेनीमा आयोजना गरेको कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी यादवनाथ आचार्यले खत्रीद्वयलाई १२ पाथी चामल, ६ केजी नुन, ५ केजी दाल, ५ केजी आलु, चारसय ग्राम चियापत्ती, ६ केजी चिनी, १० लिटर तेल, ६ पोका भूजा र २ पोका चिउरा हस्तान्तरण गर्नुभएको थियो ।

आर्थिक अवस्था कमजोर भएका दृष्टीविहिन गोपाल खत्रीको पठनपानका लागि पाचहजार पाँचसय ५५ रूपियाँ नगद हस्तान्तरण गरिएको छ । दिदी बहिनी सहकारी संस्थाका सेयर सदस्य, सञ्चालक र कर्मचारीहरूले मुठ्ठिदान अभियानबाट खाद्यान्न, तरकारी र नगद संकलन गरेर विपद् प्रभावित, अपाङ्ग, अशक्त, असाहय नागरीकलाई सहयोग गर्दै आएका छन् ।

सहयोग वितरण गर्नुहुदै सहायक प्रमुख जिल्ला अधिकारी आचार्यले सहकारीहरू सेवाको भावनाबाट अगाडी वढ्नुपर्ने बताउनुभयो । उहाँले म्याग्दीका महिलाहरूले सञ्चालन गरेको दिदीबहिनी सहकारी नमुना सहकारी भएको बताउँदै यसबाट अन्य सहकारीहरूले पनि पाठ सिक्नुपर्ने बताउनुभयो ।

सहकारीकी अध्यक्ष जमुना आचार्यको अध्यक्षता, सचिव विष्णुप्रसाद सापकोटाको सञ्चालन र उपाध्यक्ष ज्योती लामीछानेको स्वागत मन्तब्यमा सम्पन्न कार्यक्रममा सहकारी निरिक्षक दिलवहादुर केसी, गैरसरकारी संस्था महासंघका अध्यक्ष हरिप्रसाद पौडेल र दृष्टीविहिन गोपाल खत्रीले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

महिलालाई सिपमुलक तालिम

■ नवविकल्प

तीन महिने ढाकाको खादा बुनाई तालिम

घरेलु तथा साना उद्योग विकास समितिले बेनी र आसपासका क्षेत्रका २४ जना महिलाहरूलाई विभिन्न सिपमुलक तालीम प्रदान गरेको छ ।

समितिद्धारा आयोजित तिन महिने ढाकाको खादा बुनाई, एक हप्ते ढाका बुनाई स्तरउन्नती र डेढ महिने ब्युटीसियन तालीमको मंगलबार बेनीमा एक औपचारीक कार्यक्रम गरि समापन गरिएको छ ।

ढाकाको खादा बुनाई तालीममा ११ जना, ढाका बुनाईमा पाँच जना र ब्युटीसीयन तालीममा ८ जना महिला तथा युवतीहरूको सहभागिता रहेको घरेलु तथा साना उद्योग विकास समितिका उद्योग विकास अधिकृत मिरादेवी अधिकारीले जानकारी दिनुभयो । म्याग्दी उद्योग वाणिज्य संघको सभाहलमा आयोजित तालीम समापन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी केशवराज आचार्य, संघका अध्यक्ष जिवनबहादुर विश्वकर्मा, पुर्व अध्यक्ष कुबिरकुमार श्रेष्ठ, सुर्दशन श्रेष्ठ लगायतले सहभागिहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

महिला उद्यम विकास समितिका सभापति अमृता भण्डारीको अध्यक्षता, घरेलु तथा साना उद्योग विकास समितिका खरिदार तुलसी चपाईको सञ्चालन र उद्यम विकास सहजकर्ता कबिता गुरूङको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो ।

समापन कार्यक्रममा बोल्ने बक्ताहरूले उद्यमीहरूलाई प्रोत्साहनका लागि आयातित खाद्याको विकल्पमा ढाकाको खादा प्रयोग बढाउनुपर्नेमा जोड दिएका थिए । जिल्ला परिषद्ले सरकारी कार्यालय र संघ संस्थाले आयोजना गर्ने कार्यक्रममा ढाकाको खादा प्रयोग गर्ने निर्णय गरीसकेको छ ।

निर्णयसंगै निजी क्षेत्र, सरकारी कार्यालय, गैरसरकारी संघ संस्थाहरूले ढाकाको खादा प्रयोग गर्न थालेका छन् । खाद्याको माग बढेपछि त्यसको सहज आपूर्तीका लागि उद्यमीहरूलाई तालीम दिइएको उद्योग विकास अधिकृत अधिकारीले बताउनुभयो ।

भरजुलामा सामुहिक बंगुरपालन

■ नवविकल्प

रोजगारी सिर्जना, समुदायको आयस्तर वृद्धी र स्थानीय बजारमा मासुको आयात घटाउन कुहुँको भर्जुजामा सहकारी संस्थाले बंगुरपालन सुरू गरेको छ ।

कुहुँ ७ मा रहेको भरजुला कृषि सहकारी संस्थाले सामुहीक बंगुरपालन ब्यवसाय सुरू गरेको हो । सहकारीमा ४७ जना भन्दा धेरै कृषकहरू आवद्ध रहेका छन् । बंगुरपालनको माध्यमबाट रोजगारीको अवसरका साथै आयआर्जनमा समेत सघाउ पुग्ने संस्थाका अध्यक्ष बमबहादुर शेरपुञ्जाले जानकारी दिनुभयो ।

सहकारीमा आवद्ध सदस्यहरूले आलोपालो गरेर बंगुरको स्याहार सुसार गर्ने र आम्दानी पनि समान रूपमा वितरण गर्ने ब्यवस्था मिलाइएको छ । फार्ममा ३० वटा बंगुरका पाठापाठी पालीएका छन् । बंगुर फार्म स्थापना गर्न १२ लाख रूपैया भन्दा बढी लगानी भएको अध्यक्ष शेरपुञ्जाले बताउनुभयो ।

जिल्ला पशु सेवा कार्यालयद्धारा सञ्चालित सहकारी खेती बंगुरपालन कार्यक्रमले सहकारीलाई बंगुरपालन गर्न ८ लाख ३० हजार रूपैयाका दरले अनुदान सहयोग गरेको जनाएको छ । खोर निर्माण, पाठापाठी खरिद, विद्युत जडान, खानेपानी आपुर्ती र दानापानीको ब्यवस्थाका लागि अनुदान उपलब्ध गराएको हो ।

संस्थाले तिस प्रतिशत श्रमदान अथवा आन्तरीक स्रोतबाट लगानी थपेर फर्म स्थापना गरेका हुन् । अनुदानको सदुपयोगका लागि दुई किस्तामा रकम उपलब्ध गराइएको बरिष्ठ पशु चिकित्सक चापागाईले बताउनुभयो ।

यस अघि बिम बहुउद्देश्यि, बेनीको म्याग्दी बंगुरपालन सहकारी र बेनपा २ अर्जमको देउराली बंगुरपालन सहकारीले बंगुरपालनका लागि अनुदान पाएका थिए । म्याग्दीमा मासुका लागि बंगुर आयात घटाउने, रोजगारी सृजना र आयआर्जनको माध्यमबाट कृषकको जिवनस्तरमा सुधार ल्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको चापागाईले बताउनुभयो ।

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छांप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

बुद्धि वल्डिङ हाउस एण्ड टायर मर्मत केन्द्र
कालीपुल बेनी म्याग्दी
प्रो. बुद्धि परियार हाम्रा सेवाहरु: मो.नं ९८०६१७६३४३
यहाँ सम्पूर्ण गाडीको टायर मर्मत, वफिन, मेसीनद्वारा पुरानो भएका भाडा वर्तनहरु उज्यालो बनाउनुका साथै वल्डिङ मेसिनबाट सम्पूर्ण गाडीको वल्डिङ पनि गरिन्छ ।

STUDY IN JAPAN
Special Offers
FREE LANGUAGE
FREE VISA PROCESSING
FREE JOB PLACEMENT
NO VISA NO PAY
Japanese Language Courses
NAT/JLPT/J-TEST Preparation
Documentation
VISA Processing
IN ASSOCIATION WITH SETO ACADEMY
BEC BENI EDUCATION CONSULTANCY
Hulak Chowk, Beni, Myagdi +977-69-520678
www.beniedu.com.np info@beniedu.com.np

हामी सबैको एउटै रहर पूर्ण सरसफाइ युक्त गाउँ शहर
यस अभियानमा घर, टोल, वडा गर्दै गा.वि.स./न.पा.लाई नै पूर्ण सरसफाइ युक्त बनाउन आजै बाट सबै लागौं ।
पूर्ण सरसफाइका ५ + १ विषय र सूचकहरु
१) चर्पीको प्रयोग
- सबैले सँधै चर्पीमा दिसा पिसाव गर्ने गरेको
- चर्पीको सरसफाइ नियमित गर्ने गरेको
- चर्पीको लागि साबुन र पानीको व्यवस्था भएको
२) पानी प्रयोग सम्बन्धी सुरक्षित व्यवहार
- पानी पिउने, खनाउने, राख्ने भाँडो सफा र छोपेर राखेको
- सुरक्षित मुहान/वितरण प्रणालीको पानी पिउने गरेको/घरायसी तहमा शुद्धिकरण गरेर मात्र पिउने बानी भएको ।
३) साबुन पानीले हात धुने बानी
- चर्पीको प्रयोग पछि,
- खाना बनाउनु, खानु र खुवाउनु अघि
- कुनै फोहर कुरा/विषादी छोएपछि तथा
- बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि
४) खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार
- भान्साकोठा सफा राख्ने
- पकाएको र नपकाएको खानेकुरालाई छुट्टा छुट्टै राख्ने
- खाना रासरी पकाउने र पकाएको खाना छोपेर राख्ने
- उपयुक्त तापक्रममा राखी संरक्षण गर्ने
- सुरक्षित पानी र खाद्य वस्तुको मात्र प्रयोग गर्ने
५) सफा घर आँगन
- घर आँगन सँधै सफा गर्ने गरेको,
- घरबाट निस्कने फोहरको वर्गीकरण तथा व्यवस्थापन गर्ने गरेको,
- घरबाट निस्कने फोहर पानीको व्यवस्थापन गर्ने गरेको,
- पशुपंछीका लागि छुट्टै टहरा/गोठ/खोर बनाई मलमुत्रको व्यवस्थापन गर्ने गरेको
- धुवाँरहित भान्साकोठा
६) सफा वातावरण
- खुल्ला दिसा मुक्त अवस्था भएको गाउँ,
- सफा बाटो-घाटो, चौतारा तथा अन्य सार्वजनिक स्थानहरु,
- संरक्षित पानीका मुहानहरु र वितरण प्रणाली,
- सफा खोला, नदी नालाहरु,
- वायु प्रदुषण नभएको,
- फोहरमैलाको व्यवस्थापन भएको
- हरियाली वातावरण/पार्कको व्यवस्था भएको
खानेपानी तथा सरसफाइ सब-डिभिजन कार्यालय
म्याग्दी
खानेपानी तथा सरसफाई सम्बन्धी रेडियो कार्यक्रम म्याग्दीकाली एफएम ८८.२ मा बिहीबार साँझ ७:३० देखि ८ बजेसम्म र रेडियो म्याग्दी १०१.४ मा आइतबार साँझ ६:३० देखि ७ बजेसम्म सुन्न नभुल्नुहोला ।

सडक .....

अनुगमन टोलीका संयोजक पौडेलले भन्नुभयो 'अहिलेसम्म मुस्कीलले दश प्रतिशत काम भएको योजनाको बाँकी काम अबको १०/१५ दिनमा सकिने सम्भावना कम छ ।'

हतार हतारमा काम गरेर बिल भरपाई लगायत कागजी प्रक्रिया पुरा गरेर बजेट खर्च भएपनि योजनाको गुणस्तरियता र दिगोपनामा असर पर्ने उहाँको भनाई छ । कुन ठाउँमा काम गर्ने भन्ने विषयमा समुदायबीच बिवाद, उपभोक्ता समिति गठनमा भएको राजनीतिकरण, समिति आफैले गर्नुपर्ने काम निर्माण ब्यवसायीलाई जिम्मा दिनु, ढिलासुस्ती र बेवास्ताका कारण आयोजना अलपत्र परेको हो ।

जिविस, गाविस र नगरपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रममा लागु हुने 'स्थानीय निकायको 'स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि २०६९' विपरीत उपभोक्ता समितिले आफूले गर्नुपर्ने काम दिगो निर्माण सेवा नामको कम्पनीलाई ठेक्कामा दिएका छन् ।

जिविसका प्राबिधिकले सर्वेक्षण गर्न ढिलाई गरेको, जनशक्ती, निर्माण सामाग्री र उपकरणको अभाव र बर्खा याममा खेतीबाली लगाउने ब्यस्तताका कारण जनसहभागीता जुट्न नसकेपछि समयमै काम सम्पन्न गर्न ठेकेदारलाई जिम्मा दिएको उपभोक्ता समितिका अध्यक्ष तुलबहादुर गर्बुजाले बताउनुभयो ।

'जिविसले उपलब्ध गराउने अनुदान तिस लाख र उपभोक्ताले जुटाउनुपर्ने तिन लाख जनसहभागीतासहित ३३ लाख रूपैयाँमा जिविससंग सम्झौता भएको योजना सम्पन्न गर्न सोही रकममा ठेकेदारलाई दिएका छौं' अध्यक्ष गर्बुजाले भन्नुभयो । उहाँले ठेकेदारले जनसहभागीता वापतको तिन लाख समेत ब्यहोर्ने सहमती जनाएको खुलासा गर्नुभयो ।

जिविसले उपलब्ध गराउने तिस लाख रूपैयाँ मध्ये पचास हजार रूपैयाँ स्थानीय युवा क्लबलाई दिने सम्झौता गरेको पनि गर्बुजाले बताउनुभयो । क्लबले यसअघि सडकमा पाँच लाख रूपैयाँ लगानी गरेको उहाँको भनाई छ । कार्यबिधी अनुसार उपभोक्ता समितिले बिकास योजनाका लागि आएको अनुदानबाट विभिन्न बहानामा बाँड्नु 'बजेटेको दुरूपयोग' हो । उपभोक्ता समितिका अध्यक्ष गर्बुजाले आफूसंग अनुभव नभएको र समुदायबाट अपेक्षा गरेअनुसार सहयोग नपाएको पनि दुखेसो पोख्नुभयो ।

अनुगमन टोली पुग्दा शिख तल्लो गाउँदेखि उपल्लो गाउँ जाने बाटोमा पर्ने घट्टेखोलाको घुम्तीमा मोड सुधार गर्न डिलतर्फ र शिख-घार गाविसको सिमा क्षेत्रमा ग्यावीन लगाउने तयारी हुदै थियो । ग्याविन पर्खाल लगाउन थुपारीएको तारजाली र ढुंगा भएको ठाउँमा पाँचरछ जना मजदुरले काम गर्दै थिए ।

घार देखि शिवाङ हुँदै शिख र घार देखि सिधै शिख जोड्ने मध्य कुन सडकमा प्राप्त भएको बजेटले काम गर्ने भन्ने विषयमा जेठ महिनाभरी बिवाद भएको थियो । असार लागेपछि पछिल्लो समय घार, खिवाङ र शिख खण्डमा छुट्टा, छुट्टै प्याकेजको काम गर्ने सहमती भएपछि बिवाद टुङ्गएपनि कामले गति लिन सकेको छैन् ।

स्थानीय बासिन्दाहरूले भने उपभोक्ता समितिका पदाधीकारी र जिविसका कर्मचारीको मिलेमतोमा कमीसन खान नियम विपरीत ठेकेदारलाई काम गर्न दिएको आरोप लगाएका छन् । 'उपभोक्ता समितिले जुन सक्रियता र जनसहभागिता जुटाएर काम गर्नुपदथ्यो त्यसो हुन नसकेको पाइयो' अनुगमनमा सहभागी नेपाली काँग्रेस म्याग्दीका सदस्य क्याप्टेन मिनबहादुर कार्कीले भन्नुभयो 'यस्तो हुँदा उपभोक्ता समितिप्रती विश्वास घट्छ ।'

सो आयोजनाको काम गर्ने जिम्मेवारी लिएको निर्माण कम्पनी दिगो निर्माण सेवाले जिविससंग ठेक्का सम्झौता गरेको पोखरेबगर-घार सडक आयोजनाको काम पनि पुरा गर्न सकेको छैन् । सडक आयोजनाको काममा ढिलाई हुँदा स्थानीय बासिन्दाहरू जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् ।

दश किलोमिटर सडकमा गाडीमा यात्रा गर्दा चार घण्टा लाग्ने गरेको शिख १ का जगबहादुर शेरपुञ्जाले बताउनुभयो । 'साघुरो, खाल्डाखुल्डी र उकालो सडकमा जोखिमपूर्ण यात्रा गर्नुपर्ने सडकलाई सुधार गर्न आएको बजेट पनि समयमै काम हुन नसकेर फिर्ता हुने अवस्था आउनु दुःखको कुरा हो' शेरपुञ्जाले उपभोक्ता समिति र जिविसका कर्मचारीहरूप्रती स्थानीय बासिन्दाहरू उपभोक्ता समितिसंग आक्रोशित भएको बताउनुभयो ।

शिख, घार गाविसका करिब एक हजार घरधुरीका साथै अन्नपूर्ण चक्रिय पदमार्गको घोडेपानी क्षेत्रको भ्रमणमा आउने पर्यटकहरूले सो सडक प्रयोग गर्छन् । स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेल पोखेरेबगर घार शिख चित्र सडकलाई सुधार गर्न जिविसले प्राथमिकता दिएपनि स्थानीयबासीको असहयोग र बिवादका कारण काम हुन नसकेको बताउनुहुन्छ ।

'यसअघिका बर्षमा पनि पटक पटक गरेर करोडौं बजेट खर्च भईसकेको पोखरेबगरदेखि शिख चित्रे जोड्ने सडकका लागि यसपाली तिन वटा योजना सञ्चालन गरेका छौं, तर स्थानीयको असहयोगले गर्दा काम हुन नसक्नु दुःखद छ' पौडेलले भन्नुभयो । उहाँका अनुसार पोखेरेबगरदेखि दुरबिनडाँडासम्म सडक बोर्डको बजेटबाट ठेक्का मार्फत योजना सञ्चालन भएको छ ।

दुरबिनडाँडादेखि शिख सम्म तिस लाख, शिखको घट्टेखोला घुम्तीमा पिसीसी ढलान र चित्रे क्षेत्रमा सुधारका लागि सात लाख बजेटको योजना सञ्चालन भएको छ । सात लाखको योजनाको काम समयमै सम्पन्न भएर भुक्तानी भैसकेको छ । घट्टेखोला घुम्तीमा १०४ मिटर सडक पक्की ढलान गरिएको छ । उकालो, हिलो र खाल्डाखुल्डी धेरै भएकाले सो स्थानमा जोखिमपूर्ण रूपमा आवत जावत गर्नुपर्ने समस्या थियो ।

जिविसको पाँच लाख र गाविस कार्यालयको दुई लाख रूपैयाँ सहयोगमा उपभोक्ता समितिले ढलान गरेका हुन् । उपभोक्ताको ८५ हजार ८३३ रूपैयाँ बराबरको श्रमदानमा निर्धारीत समयभन्दा साढे दुई महिना अघिनै आयोजना सम्पन्न गरेको उपभोक्ता समितिका अध्यक्ष दुर्गाबहादुर खातीले बताउनुभयो ।

सरकारी निकायको अनुदान बाहेक शिखको आमा समूहको एक लाख रूपैयाँ लागतमा डेढ सय मिटर सडकमा ढुंगा बिछ्याएर सोलीङ गरिएको छ । पोखरेबगर शिख घार ग्रामिण सडक मर्मत योजना अन्तरगत जिविसबाट सात लाख रूपैयाँ अनुदान प्राप्त भएकोमा दुई लाख रूपैयाँ चित्रे, फलाते खण्डमा सोलीङ, ग्यावीन पर्खाल लगाउन र सडक चाक्लो बनाउन खर्च भएको अध्यक्ष खातीले बताउनुभयो ।

सडकको प्रवेशबिन्दु पोखरेबगरदेखि दुरबिनडाँडासम्म चक्लाउने, नाली बनाउने, सोलीङ गर्ने, ग्रेड मिलाउने, ग्याविन पर्खाल लगाउने लगायत काम गर्न परिचालीत ठेकेदारलाई स्थानीयले काम गर्न नदिएको स्थानीय विकास अधिकारी पौडेलले बताउनुभयो । सडकलाई फराकीलो बनाउने जग्गा नदिने र बिवाद झिक्ने प्रभावीत क्षेत्रका बासिन्दाले छलफल गर्दा काम गर्न सहमती जनाएपनि कार्यान्वयन नगरेको पौडेलको भनाई छ ।

घार, शिख खण्डको योजनाका विषयमा आफूले सडकको अवस्था सुधार होस र जनताले सुबिधा पाउन भनेर सडक बोर्डबाट पछिल्लो पटक प्राप्त भएको बजेटबाट योजना सञ्चालन गर्ने निर्णय गरेको पौडेलको दावी छ । सन्तोषजनक काम हुन नसकेपछि सो सडक हेर्ने जिम्मेवारी पाएका प्राबिधिक कमल चोखाललाई दैनिक प्रगति विवरण माग गरेर ताकेता गरेको उहाँले बताउनुभयो ।

'उपभोक्ता समितिमा कुन पार्टीका, कुन ब्यक्ति हुने भन्ने विषयमा हामीलाई सरोकार छैन । यसमा हस्तक्षेत्र पनि गर्दैनौं' पौडेलले भन्नुभयो 'हाम्रो सरोकार गुणस्तरीय काम र बजेटको सदुपयोगसंग हो ।' पौडेलले उपभोक्ता समितिले कसैलाई बजेट बाँड्न र ठेक्कामा काम लगाउन नपाउने बताउँदै त्यस्तो गर्नेलाई कडाई र कारबाही गरिने बताउनुभयो ।

शान्ति सन्देश
स्थायी शान्तिका लागि आ–आफ्नो क्षेत्रबाट सहकार्य र सद्भावको वृद्धि गरौं ।
शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति, म्याग्दी

बेनीमा 'धुमील आकाश'को चर्चा

■ नवविकल्प

कृति चर्चा परिचर्चा
रचना वाचन कार्यक्रम-२०७३

बेनीमा शुक्रबार कृतिको चर्चा र रचना बाचन कार्यक्रम सम्पन्न भएको छ । म्याग्दी साहित्यिक सञ्चारद्धारा प्रकाशित बुलबुल साहित्यिक पत्रिकाले कार्यक्रमको आयोजना गरेको हो ।

कार्यक्रममा शिव सस्मीतद्धारा लिखित शैक्षिक क्षेत्रको विकृतीलाई उजागर गरिएको 'धुमील आकाश' र बेनी भिडन्तको सम्भनामा अजयमिलन श्रेष्ठले लेख्नुभएको 'बिर्सन नसकिने दिन' को बारेमा चर्चा र लेखकसंग अन्तरक्रिया गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि जिशिअ रामप्रसाद अधिकारीले साहित्य समाजको प्रतिविम्ब भएकाले यसले सकारात्मक कामलाई प्रोत्साहन र विकृतीलाई निरूत्साहीत गर्न भुमिका खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा म्याग्दी बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख रेशाकौशल रेग्मी र प्रध्यापक तारानाथ शर्माले कृतीको समिक्षा गर्नुभएको थियो । साहीत्यकार नवराज रिजाल र पत्रकार सन्तोष गौतमले म्याग्दीको साहित्य र पत्रकारिताको विषयमा बिचार ब्यक्त गर्नुभएको थियो ।

बुलबुल साहित्यिक पत्रिकाका प्रधान सम्पादक चन्द्रबहादुर लामिछानेको अध्यक्षता, प्रमलिा पौडेलको स्वागत र सन्दिप खत्रीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा सहभागि साहित्यकारहरूले विभिन्न विषयमा आफ्नो रचना वाचन गर्नुभएको थियो ।

म्याग्दीमा नयाँ साहित्यिक संस्था जन्मियो

■ नवविकल्प

हातेमालो साहित्य प्रतिष्ठान म्याग्दी
समिति गठन तथा रचना वाचन कार्यक्रम

बेनीमा शनिबार भएको म्याग्दीका साहित्यकारहरूको भेलाले हातेमालो साहित्य प्रतिष्ठानको गठन भएको भएको छ ।

बादल शाहीको अध्यक्षतामा गठन भएको प्रतिष्ठानको उपाध्यक्षमा जीवन कार्की, सचिवमा दर्पण रोका, सहसचिवमा प्रमिला बरूवाल, कोषाध्यक्षमा बबी विश्वकर्मा र सहकोषाध्यक्षमा दिनेश फगामी रहनुभएको छ ।

सदस्यहरूमा बिकास फगामी, मौसम फगामी, शिव बोहोरा, मुनाल परियार, रोशन रत्न, शिव कार्की, अमित बिक, पदम बिक, सज्जन बोहोरा, राकेश शर्म, सन्दिप खर्मा, प्रविण पौडेल, ममता जुक्जाली, शंकर चोखाल, रहनुभएको छ ।

प्रतिष्ठानको सल्लाहकारहरूमा शिव सस्मित, दिपक कार्की, रेखा कौशल रेग्मी, ध्रुबलाल शर्मा, अजयमिलन श्रेष्ठ, घायल श्री, शुशिल थकाली रहनुभएको छ । म्याग्दीको साहीत्यीक क्षेत्रलाई नयाँ उचाई दिन र साहीत्यको संरक्षण तथा प्रर्वद्धनका लागि विभिन्न गतिबिधि गर्ने उद्देश्य राखेको प्रतिष्ठानले नगरपालीकाको सबै वडा र गाविसका साहीत्यकारहरूलाई आवद्ध गराउने योजना बनाएको छ ।

बादल शाहीको अध्यक्षता, अग्रज साहित्यकार ध्रुबलाल शर्माको प्रमुख आतिथ्यता, अजयमिलन श्रेष्ठको विशिष्ट आतिथ्यता, दर्पण रोकाको सञ्चालनमा सम्पन्न भएको कार्यक्रममा सहभागि साहित्यकारहरूले आफ्नो रचना बाचन गरेका थिए ।

लोकदोहोरी गीत प्रतिष्ठानको अध्यक्षमा जिसी

■ नवविकल्प

राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान म्याग्दीको मंगलबार बेनीमा सम्पन्न छैठो अधिवेशनबाट कृष्ण जिसीको अध्यक्षतामा २२ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ ।

अधिवेशनले प्रतिष्ठानको प्रथम उपाध्यक्षमा देवेन्द्र घिमीरे, दितृय उपाध्यक्ष ध्रुब जिसी, सचिव एकराज चपागाई, सहसचिव सज्जन बोहोरा, कोषाध्यक्ष शर्मीला थापा र सहकोषाध्यक्षमा पदम विश्वकर्मालाई चयन गरेको छ ।

समितिको सदस्यहरूमा देवी जिसी, निशा केसी, कमल बानिया, अमित विश्वकर्मा, जिवन कार्की, जिवन परियार, रवी कार्की, हरि सुवेदी, विजुन चोखाल, दिनेश पुन, रेशम पाईजा, मुस्कान पुन, पुजा घिमीरे, राजकुमार सुवेदी, लक्ष्मण घिमीरे रहनुभएको छ ।

शिव सस्मितको यथार्थ शैक्षिक विषयवस्तुमा आधारित उपन्यास
"धुमिल आकाश"
बजारमा आइपुगेको छ, खोजी खोजी पढौं ।
पुस्तक पाइने स्थान :
सगुन स्टेशनरी क्याम्पस चोक बेनी ०६९५२००३५
कमल स्टेशनरी हुलाकचोक, बेनी ०६९५२००४६
पौडेल स्टेशनरी (प्रकाश उच्च मावि अगाडि), बेनी ०६९५२०६९०

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु
पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

कम्प्युटर तथा छपाइ सम्बन्धी सम्पूर्ण कामका लागि
शर्मा डेस्कटप
मो.नं. ९८५७६२१५६०

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ नै किन ?
- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
हुलाकचोक, बेनी फोन: ०६९-५२०७६०
न्यूरोड, पोखरा (भाटभटेनी सँगै) फोन: ०६१-५२७४२०
Raymond
DIGJAM
Ashvira
OCM
Bentley

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०), व्यवस्थापक : धिरन खत्री
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286, 9867613547